# प्लास्टिक फोहोर संकलन (हप्तामा १ पटक)

बार

ओसाका शहर वेबसाइट प्लास्टिक फोहोर संकलन

## लक्षित वस्तुहरु

अधिकतम लम्बाई वा व्यास ३० सेमी भित्रको मात्र स्वीकार गरिन्छ।

### कन्टेनर र प्याकेजिङ प्लास्टिक

**कन्टेनर र प्याकेजिङ प्लास्टिक भनेको के हो ?**

"कन्टेनर" भनेको सामान राख्ने भाँडो (झोला सहित) हो भने, "प्याकेजिङ" भनेको सामानलाई प्याकेज गर्ने सामग्री हो। कन्टेनर तथा प्याकेजिङ प्लास्टिक भन्नाले, त्यसको भित्रको सामग्रीलाई बाहिर निकालेर प्रयोग गरेपछि सामग्रीसँग अलग भएको र अव्यवस्थित भएको प्लास्टिक कन्टेनर र प्याकेजिङलाई जनाउँछ।

*प्लास्टिक कन्टेनर र प्याकेजिङ्गमा (प्ला) चिन्ह प्रदर्शित हुन्छ।





कप र प्याकहरू | झोलाहरू | ट्यूबहरू | बोतलहरू | ट्रेहरू | फोम स्टाइरोफोमहरू

बोतल र ट्यूबहरूलाई बिर्को हटाएर मात्रै संगै फाल्नुहोस्।

### १००% प्लास्टिक सामग्रीबाट बनेका उत्पादनहरू


**भान्साको सामग्रीहरू**

- कन्टेनरहरू
- जोख्ने कपहरू
- चम्चा, काँटा
- स्ट्रो लगायत




**नुहाउने ठाउँ र सरसफाइको सामग्रीहरू**

- मुख धुने सिंक
- काइयो
- जोख्ने चम्चा
- टुथब्रश लगायत



**भण्डारण सामग्रीहरू**

- सानो सामान राख्ने डब्बा
- फाइल राख्ने बाकस
- भण्डारण टोकरी लगायत




**बाहिर प्रयोग सामग्रीहरू**

- पानी हाल्ने भाँडा (झारी)
- झाडु लगाएर फोहोर टिप्ने भाँडा
- फूल वा बोटबिरुवा राख्ने गमला
- खन्ने बेल्चा
- माटो खन्ने औजार (कुन्दी) लगायत



**लेख्ने सामग्री र खेलौना सामग्रीहरू**

- क्लियर फाइल
- स्केल
- कीराको पिंजरा
- खेलौना लगायत



प्लास्टिक बाहेकका सामग्री भएका वस्तुहरू भए पनि, ती छुट्याएर प्लास्टिक मात्र भएमा फाल्न सकिन्छ।

* माथिका चित्रहरू १००% प्लास्टिक सामग्री भएका उत्पादनहरूको प्रतिनिधित्व गर्ने उद्देश्यले देखाइएका हुन्।


## समावेश नहुने वस्तुहरू

▶▶▶▶▶ साधारण फोहोरमा फाल्नुहोस्


निम्न वस्तुहरूले पुनःप्रयोगमा बाधा पुर्‍याउने भएकाले, वर्गीकरणलाई कडाइका साथ पालना गर्नुहोस्।





फोहोर हटाउन नसकिने वस्तुहरू (भित्रका अवशेषहरू बाँकी रहेका वस्तुहरू)



भिडियो टेप



डोरी जस्ता वस्तुहरू (३० सेमीभन्दा लामो सामग्री)



५ मिमी भन्दा बाक्लो कडा वस्तुहरू (चपिंगबोर्ड, प्लास्टिक बोर्ड आदि)




धातु लगायतका प्लास्टिक बाहेकका सामग्री संलग्न रहेका वस्तुहरू

बलपेनको लेड आदि प्लास्टिक बाहेकका सामग्रीलाई हटाएपछि, यसलाई प्लास्टिक स्रोतको रूपमा फाल्न सकिन्छ!





रबर, सिलिकन सामग्री भएका वस्तुहरू



धारिलो हतियार भएका वस्तुहरू (कामदारलाई चोट लाग्ने सम्भावना भएका वस्तुहरू)

* खतरनाक वस्तुहरूका लागि P२ "फाल्ने तरिका र सावधानी" हेर्नुहोस्

## फाल्ने तरिका र सावधानीहरू

*समावेश नहुने वस्तुहरू वा अत्यधिक फोहोर भएका वस्तुहरू मिसिएको खण्डमा, चेतावनी स्टिकर टाँसेर छाडिन्छ।

**● भित्रको सामग्री पूरै प्रयोग गरिसकेपछि मात्र फाल्नुहोस्**

कन्टेनर वा झोला भित्रको सामग्री पूरै प्रयोग गरेर, केहि बाँकी नरहेमा मात्र फाल्नुहोस्।

**● कागजका लेबल वा स्टिकरहरू (म्याद समाप्ति मिति वा मूल्य अंकित भएका) को बारेमा**

कागजका लेबल वा स्टिकरहरू साना भए पनि सजिलै हटाउन सकिने भएमा हटाउनुहोस्।
हटाउन नसकिने भए, प्लास्टिक स्रोतका रूपमा फाल्नुहोस्।

**● फोहोर भएका वस्तुहरू सफा गरेर मात्र फाल्नुहोस्**

खाद्य पदार्थका अवशेषहरू रहन गएमा, भाँडा धुने बाँकी पानी प्रयोग गरेर सफा गर्नुहोस्।
तर, सफा गर्न नसकिने वस्तुहरू भने, साधारण फोहोरमा फाल्नुहोस्। (पुनःप्रयोगमा बाधा पर्ने भएकाले)



**● पारदर्शी फोहोर झोलामा प्रत्यक्ष राखेर फाल्नुहोस्**

खरिद झोला जस्ता वस्तुहरूलाई भित्री झोलाका रूपमा प्रयोग गर्दा, पुनःचक्रणमा समस्या पर्ने भएकाले, प्लास्टिक स्रोत फोहोरलाई बाहिरी झोलामा प्रत्यक्ष राखेर फाल्नुहोस्।